# माहाकुलुङ गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम
# आ.व.२०७५/०७६

**माहाकुलुङ गाउँपालिकाको उपाध्यक्ष श्री विपना कुलुङद्धारा प्रस्तुत**
**मिति : २०७५ साल अषाढ २५ गते**

बुङ, सोलुखुम्बु
१ नं. प्रदेश

२०७५

# माहाकुलुङ गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम

**गाउँसभाका अध्यक्ष महोदय, गाउँसभाका सदस्यहरु, कर्मचारीहरु, पत्रकार तथा सुरक्षकर्मी मित्रहरु ।**

आज मिति २०७५ साल अषाढ २५ गतेका दिन यस माहाकुलुङ गाउँपालिकाको आ.व. २०७५/०७६ को दोस्रो वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुशी महशुस गरेको छु । यस अवसरमा देश र जनताको लागि बलिदान दिनुहुने ज्ञात अज्ञात महान शहिदहरु प्रति हार्दिक शृद्धाञ्जली अर्पन गर्न चाहन्छु ।

राणाकालिन शासन व्यवस्थामा जनताका आकांक्षाहरु दबिएका थिए । सीमित र पहँच व्यक्तिले मात्र ठूलो अवसर पाउँथे । त्यसैगरी निर्दलीय पञ्चायती शासन व्यवस्थामा राजा केन्द्र विन्दुमा थिए । सुधारिएको पञ्चायती शासन व्यवस्थामा पनि श्री ५ महाराजधिराज, अन्य राजपरिवार तथा रजौटेहरु शासन व्यवस्थाका पात्रहरु थिए । यस्ता निरंकुश शासन व्यवस्थाको अन्त्य गर्न नेपाली जनताले पटक पटक संघर्ष गरे । फलस्वरुप नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना भएको हो । यो परिवर्तनसँगै नेपालमा संवैधानिक व्यवस्था अनुरुप संघ, प्रदेश र स्थानीय तह गरी ३ तहको संघीय संरचनाको सुरुवात भएको छ । यी ३ वटै तहको एकल तथा साझा अधिकारहरु रहेका छन् । यसैको उपलब्धि अनुरुप गाउँपालिकाले आफ्नै वार्षिक नीति तथा कार्यक्रम बनाई कार्यान्वयनमा ल्याउने व्यवस्था हाम्रो लागि गौरब र अवसरको विषय बनेको छ ।

प्रस्तुत माहाकुलुङ गाउँपालिकाको दास्रो वार्षिक नीति तथा कार्यक्रमले गाउँसभाका सबै सदस्य, कर्मचारी र सम्बद्ध सरोकारवाला सबैलाई सम्बृद्ध माहाकुलुङ गाउँपालिका निर्माणको अभियान प्रति जिम्मेवार बनाँउनेछ भन्ने मैले आशा लिएको छु ।

## मान्य सदस्य ज्युहरु,

हाम्रो माहाकुलुङ गाउँपालिका सोलुखुम्बु जिल्लाको उत्तरपूर्वी क्षेत्रमा रहेको गाउँपालिका हो । यो गाउँपालिकाको उत्तरमा खुम्बु पासाङल्हामु गाउँपालिका, दक्षिणमा भोजपुर तथा खोटाङ, पूर्वमा संखवासभा, पश्चिममा सोताङ गाउँपालिका र माप्य दुधकोशी गाउँपालिका रहेको छ । यहाँ उच्च तथा मध्य पहाडी क्षेत्र बिच सन्तुलित भएर भौगोलिक स्वरुप रहेको छ । यहाँ उत्पन्न भएका खोला तथा खोल्साहरु  क्रमश उत्तरबाट दक्षिण तर्फ विभिन्न जलाधार मार्फत दुधकोमा मिसिन्छ । भौगोलिक विविधताले गर्दा यहाँ पाईने वनस्पति तथा जैविक विविधतामा समेत एकरुपता पाईदैन । भौगोलिक तथा जैविक विविधता यँहाका अमूल्य सम्पत्ति हुन् ।

नेपालको संघीय शासन प्रणाली अर्न्तगत राज्य पुर्नसंरचनामा स्थानीय तहको नयाँ सीमाङकन गर्दा यो गाउँपालिका साविकको ३ वटा गा.वि.स. बाट रुपान्तरण भई स्थापना भएको हो । यस क्षेत्रमा कुलुङको

बाहुल्यता भएता पनि शेर्पा, क्षेत्री, ब्रामण तथा दलित समुदायहरुको बसोबास रहेको छ । ऐतिहासिक तथा पर्यटकिय महत्वका रुपमा केन्पा डाडाँ, जुकतुस्को डाडा, मेरापिक, प्रसिद्ध धार्मिक पोखरी पाँच पोखरी, गुम्बाहरु, मठमन्दिर आदि रहेको छन् । **महाकुलुङ ताल** यँहाको अर्को सम्भावित पर्यटकीय ठाँउ हो । यस क्षेत्रमा नगदे बाली तथा जडिबुटी चिया, अलैची, चिराईतो, सतुवा साथै धुपी, सल्ला, गुराँस, चिमाल उतिस आदिका जंगलहरु पनि पाईन्छ । त्यसै गरी यस माहाकुलुङ क्षेत्रमा हजारौको संख्यामा वन्यजन्तु पशुपंक्षी, किराफट्यांग्रा आदि पाईन्छ । खेतीपाती, व्यापार व्यवसाय, पशुपालन, ट्रेकिङ व्यवसाय यस क्षेत्रका वासिन्दाका मूख्य आय आर्जनको स्रोत हुन् । यस क्षेत्रको भू-बनोट, जलाधार, जलाशय, अनुपम हिमाल, विगत केही वर्ष देखि फस्टाउदै गएको नगेदे बाली तथा जडिबुटि व्यवसाय आदि जस्ता सकरात्मक पक्ष समग्र माहाकुलुङको संबृद्धिका आधारहरु हुन् ।

**अब म यस माहाकुलुङ गाउँपालिकाको आ.व २०७५।०७६ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

# कृषि तथा पशुपन्छी :

- गाउँपालिकामा एउटा सुविधा सम्पन्न नमुना **एकिकृत कृषि तालिम तथा अध्ययन केन्द्र** स्थापना र सञ्चालन गरिनेछ । जसमा ११ सदस्यीय समावेशी सञ्चालक समिति गठन गरिनेछ ।
- प्रत्येक वडामा आवश्यक संख्यामा आधुनिक मौरी घार वितरण गरिनेछ ।
- प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रम अन्तर्गतको अलैची ब्लक वडा ४ र ५ मा सञ्चालन गरिनेछ । आवश्यक संख्यामा कृषि पकेटहरु पनि सञ्चालन गरिनेछ ।
- मौसमी तथा बेमौसममी तरकारी खेतीलाई विस्तार तथा प्रोत्साहन गर्ने नीति अख्तियार गरिनेछ । तरकारी तथा नगदे बाली उत्पादन प्रदर्शन र प्याकेज प्रदर्शन सञ्चालन गरिनेछ ।
- प्रत्येक वडामा साना सिचांई तथा कुलो निर्माण तथा व्यवस्थापन गरिनेछ ।
- सहकारी कृषि प्रणालीलाई प्राथमिकता राखिनेछ ।
- माटो परीक्षण बाली उपचार शिविर गरी आवश्यकता अनुसार कृषि चुनको वितरण गरिनेछ ।
- कृषकलाई सिजन अनुसारको उन्नत बिउ किट वितरण गरिनेछ ।
- कृषि उत्पादन वृद्धि तथा व्यवस्थापनको लागि नमूनाको रुपमा प्रत्येक वडामा कृषि सामग्रीहरु वितरण गरिनेछ ।
- बेमौसमी तरकारी खेती तथा उच्च क्षेत्रमा पनि तरकारी उत्पादन गर्नका लागि अनुदानमा प्लाष्टिक टनेलको वितरण गरिनेछ ।
- तरकारी तथा फलफुल खेतीको लागि स्थलगत घुम्ती तालिम सञ्चालन गरिनेछ ।

- गहुँ र मकैको मिनिकिट वितरण गरिनेछ ।
- तोरी पकेट र मौरी घार वितरण कार्यक्रम वडा नं. २ मा सञ्चालिन गरिनेछ ।
- अल्लो खेतीलाई व्यवस्थित र प्राथमिकतामा राखेर कार्यक्रम सञ्चालन गरिनेछ ।
- वडा नं. ५ मा बेसार र अदुवा खेतीमा लगानी गरिनेछ ।
- वडा नं. ४ मा सतुवा खेतीलाई व्यवस्थित बनाइनेछ ।
- गाउँपालिकामा पशुविकास कार्यक्रम (बाख्रा, कुखुरा, बगुंर वितरण) सञ्चालन गरिनेछ ।
- सुधारिएको मासुपसल तथा पशु बधशाला निर्माण गरिनेछ ।
- पशु बधशाला तथा मासु जाँच ऐन निर्माण तथा प्रमाण्किरण लागू गरिनेछ ।
- पशु आहारा विकास कार्यक्रम (जई, टिओसेन्टी जातको घाँस वितरण) सञ्चालन गरिनेछ ।
- कृषकलाई दुग्ध उत्पादनमा प्रोत्साहन गर्ने नीति अख्तियार गरिनेछ । गाउँपालिकामा कम्तिमा एउटा दुग्ध संकलन केन्द्र स्थापना गरिनेछ ।
- घाँस खेती प्रदर्शनी कार्यक्रम गरिनेछ ।
- पशु रोग नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ ।
- टोल टोलमा प्राविधिक, विषेशज्ञ सेवा कार्यक्रम लागू गरिनेछ ।
- पशु नश्ल सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामूहिक पशु फार्म सञ्चालनलाई गाँउपालिकामा दर्ता गर्न प्रोत्साहन गरिनेछ । र त्यस्तो पशु फार्मलाई गाउँपालिकाबाट अनुदान दिने व्यवस्था गरिनेछ ।

## स्वास्थ्यः

- गाउँपालिकाको केन्द्रमा सुविधा सम्पन्न विशेषज्ञ सेवा सहितको १५ शैयाको अस्पताल निर्माणको लागि प्रक्रिया अगाडि बढाइनेछ ।
- सञ्चालित बर्थिङ सेन्टरहरुलाई निरन्तरताका साथै स्वास्थ्य संस्थामा सुत्केरी भएबापत दिइने प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ ।
- ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- फोहोरमैला व्यवस्थापनको लागिा फोहोर कन्टेनरको व्यवस्था गरिनेछ ।
- पूर्णखोप दिगोपना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- पूर्ण पोषण युक्त वडा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- पाठेघर खस्ने रोगीहरुको स्कनिङ क्याम्प सञ्चालन गरिनेछ ।
- विद्यालयमा स्वास्थ्य शिक्षा कार्यक्रमलाई अझ प्रभाबकारी रुपमा अगाडि बढाइनेछ ।

- परिवार नियोजन सेवा अन्तर्गत लामो जन्मान्तरका साधनहरुलाई सशक्त बनाइनेछ ।
- महिला स्वास्थ्य स्वयमं सेविका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- किशोर किशोरी कार्यक्रम अन्तर्गत स्वास्थ्य व्यवस्थापनको लागि विद्यलयहरुमा स्यानेटरी प्याड वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- नियमित रुपमा खानेपानी गुणस्तर जाँच गर्ने व्यवस्था गरिनेछ ।
- माहामारी तथा प्रकोप जन्य रोगहरुको नियन्त्रणका लागि Act Immediate को अवधारणा लागू गरिनेछ ।
- निशुल्क वितरण गरिने औषधि कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- राष्ट्रिय दिवसका कार्यक्रमहरु जस्तै स्तनपान सप्ताह, आयोडिन महिना, विद्यालय स्वास्थ्य तथा पोषण सप्ताह लाई भव्य र प्रभाबकारी रुपमा मनाइनेछ ।
- आँखा सेवा केन्द्र स्थापना तथा सञ्चालन गरिनेछ ।
- वडा नं. ४ मा स्वास्थ्य केन्द्र घोषणा गरिनेछ ।
- गाँउपालिका स्तरमा विशेषज्ञ सेवा सहितको स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

# शिक्षाः

- पाँच (५) वर्ष भित्रमा गाँउपालिकामा ९५ प्रतिशत साक्षर घोषणा गरिनेछ ।
- विद्यालयको भौतिक संरचनालाई भुकम्प प्रतिरोधि, अपांगमैत्रि र बालमैत्री बनाइनेछ ।
- प्राथमिक तह देखिनै कम्प्युटर तथा सूचना प्रविबि शिक्षामा जोड दिइनेछ ।
- गाउँपालिकामा एकै शैक्षिक क्यालेन्डरको व्यवस्था लागू गरिनेछ ।
- विद्यालयको शैक्षिक परीक्षाहरुलाई व्यवस्थित बनाईनेछ । आधारभूत तह कक्षा ८ को अन्तिम तथा वार्षिक परीक्षालाई व्यवस्थित र प्रभाबकारी बनाँउन गाउँपालिकाले आवश्यक नीति अबलम्बन गर्नेछ ।
- शिक्षा शाखामा रिक्त रहेको कर्मचारी दरबन्दी पूर्ति गर्न आवश्यक पहल गरिनेछ ।
- विद्यार्थी संख्या र शिक्षक अनुपातको आधारमा शिक्षक सरुवा तथा विद्यालयहरु मर्ज तथा कक्षा तथा विषय थप अनुमति दिइनेछ । कक्षा ११ र १२ सञ्चालनको लागि गाउँपालिकाले विषेश खालको योजना ल्याउनेछ । यसको लागि आवश्यक कार्यविधिको अबलम्बन गरिनेछ ।
- गाँउपालिकामा उत्कृष्ट नतिजा ल्याउन सफल विद्यार्थी र विद्यालयलाई विशेष कार्यक्रमको माझ सम्मान तथा पुरस्कृत गरिनेछ ।

- विद्यालय शान्ति क्षेत्र भन्ने सरकारको अवधारणालाई यस गाउँपालिका क्षेत्रमा समेत कडाईका साथ कार्यान्वयन गरिनेछ । विभिन्न बहानामा विद्यार्थी,शिक्षक,राजनीतिक दलहरु बाट हुने शैक्षिक हडतालको अन्त्य गरिनेछ ।
- प्रत्येक वडामा कम्तिमा एउटा विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्न कार्यक्रम लागु गरिनेछ ।
- शैक्षिक समानता,गुणस्तरीय शिक्षमा एकता, माहाकुलुङ गाउँपालिकाको प्रतिबद्धता भन्ने नारालाई कार्यान्वयन गर्न कार्यक्रम तय गरि कार्यान्वयन गरिनेछ ।
- ७५ प्रतिशत विद्यार्थीलाई पास नगर्ने शिक्षकहरुलाई सरुवा, घटुवा, तलब भत्ता रोक्का गर्ने, ७५ प्रतिशत भन्दा बढी विद्यार्थीहरुलाई पास गराउने शिक्षकहरुलाई प्रोत्साहन र पुरस्कारको व्यवस्था गरिनेछ । साथै शैक्षिक ऐन, नियम अनुसार बढुवाको व्यवस्था गरिनेछ ।
- शैक्षिक संस्थाभित्र मादक पदार्थ, धुम्रपान, नसालु पदार्थ प्रयोग भएको पाईएमा जरिवाना सहित कारबाही गरिनेछ भने जंगफूट लाई निरुत्साहित गरिनेछ । राजनीतिमा संलग्न भई आफनो जिम्मेवारी पुरा नगर्ने शिक्षकलाई आवश्यक कारबाही गरिनेछ भने आस्थाका हिसाबले कुनैपनि शिक्षक कर्मचारीलाई विभेद गरिने छैन ।

# द्वन्द्व व्यवस्थापनः

- विभिन्न कारणबाट सिर्जित सामाजिक विवाद, झगडा तथा द्वन्द्वलाई सामाजिक मेलमिलाप तथा न्यायिक समितिबाट निरुपन गरिनेछ ।
- वडामा न्यायिक उपसमिति गठन गरी कार्यान्वयनमा ल्याइनेछ ।
- नैतिक शिक्षालाई प्रबर्द्धन गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ । विभिन्न पम्लेट, पर्चा तथा पोस्टर सामग्रीहरु उत्पादन तथा वितरण गरिनेछ ।
- सामाजिक विभेद, बहिस्कार र अन्याय गर्नेलाई निरुत्साहित गरिनेछ । साथै सामाजिक अभियानकर्ताहरुलाई उत्साहित तथा पुरिस्कृत गरिनेछ ।

# महिला शसक्तिकरण र रोजगारी :

- महिलाहरुको लागि लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- महिला हिंसा अन्त्य गर्न सामाजिक संघ संस्था, शैक्षिक संस्था तथा सरकारी निकायसँग समन्वय तथा चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

- अन्तर्राष्ट्रिय नारी दिवस (मार्च ८) लाई भव्य रुपमा मनाइनेछ ।
- अनपढ महिलाहरुको लागि प्रोढ शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला पुरुष समविकास तालिम सञ्चालन गरिनेछ ।
- युवा स्वरोजगार कार्यक्रमलाई गम्भिरताको  रुपमा लिइनेछ ।

# वातावरण, खानेपानी ताथ सरसफाईः

- **स्वच्छ** सफा खानेपानी प्राप्त गर्ने सबैको अधिकार भएकाले हाल सञ्चालनमा रहेको खानेपानी परियोजनाहरुलाई थप व्यवस्थापन गरिने तथा खानेपानी नभएका सम्पूर्ण ठाउँमा पहिलो वर्षमा नै खानेपानी पुराउन जोड दिईनेछ ।खानेपानीका मुहान संरक्षण तथा पानीको सुद्धिकरणलाई प्रभावकारी बनाई पानीजन्य रोगहरुको पूर्णरुपमा नियन्त्रण गरिनेछ ।
- खुला दिशामुक्त क्षेत्र घोषणा भइसकेको हुनाले यसको प्रभावकारी कार्यान्वयन गर्ने तथा स्वास्थ्य वातावरण कायम गर्न विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- बजार क्षेत्रको फोहोरमैला व्यवस्थापनको लागि फोहोर विर्सजन केन्द्र (डम्पिङ साइड ) को व्यवस्था गरिनेछ र बजारलाई सफा तथा सुन्दर बनाइनेछ ।
- गाउँपालिका भित्र रहेको वनजङगलको संरक्षण गरिने तथा थुम्के क्षेत्रमा रहेको लोपउन्मुख रेडपान्डा (हाब्रे) को संरक्षण गर्ने लगायतका जैविक विविधता संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछन् ।

पूर्ण सरसफाईका सबै सुचकहरु पुरा गरि यसै वर्ष यस माहाकुलुङ  गाउँपालिकालाई पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणा गरिनेछ ।

# संस्कृति तथा पर्यटनः

- गाउँपालिकामा रहेका मन्दिर, देवीथान तथा गुम्बाहरुको मर्मत संभार तथा संरक्षण गरिनेछ ।
- कुलुङ संग्राहलयको संरक्षण, व्यवस्थापन र प्रचार गरिनेछ ।
- बुकुर डाडाँ स्याउ ढाप, धाजे डाँडामा भ्यू टावर को निर्माण गरिनेछ ।
- पुराना पैदलमार्गलाई ट्रेकिङ मार्गको रुपमा विकास गर्ने तथा मेरा पिक ट्रेकिङ मार्ग निर्माण गरि पर्यटकहरुलाई आउने जाने प्रबन्ध मिलाउने र पैदल मार्गका विभिन्न ठाउँमा पर्यटकहरु बस्ने होमस्टे को व्यवस्था मिलाईनेछ । यसले पर्यटन प्रवर्द्धन हुने मात्र नभई गाउँलेहरुको आयआर्जन समेत बढ्नेछ ।

- गाउँपालिकामा सञ्चालनमा रहेको पर्यटन सूचना केन्द्रले पर्यटकहरुको आकर्षण स्थलहरुको व्यापक प्रचार प्रसार गरि पर्यटकहरुको आवागमनमा वृद्धि गर्दै लगिने छ ।
- यस गाउँपालिकामा रहेको धार्मिक र सांस्कृतिक विविधतालाई अमूल्य सम्पतिको रुपमा लिदै धार्मिक सहिष्णुता र सांस्कृतिक रुपान्तरणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- मुद्धि-मेरा-हुँगु ट्रेल पर्यटकीय पदमार्गको पहिचान र व्यवस्थित बनाइनेछ ।
- महाकुलुङ ताल, पाँच पोखरी, साल्पा पोखरी गौवित्ता पोखरी र केन्पा डाँडालाई पर्यटकीय गन्तव्यको रुपमा विस्तार गरिनेछ ।

## खेलकुद तथा शारिरीक व्यायमः

- स्वस्थ रहने सबैभन्दा महत्वपूर्ण उपाय हो नियमित शारिरिक व्यायम तथा खेलकुदमा जोड दिइनेछ । त्यसैले खेलकुदको विकासका लागि गाउँपालिकाका विभिन्न ठाउँमा खेलमैदान तथा खेल सामाग्रीको उचित व्यवस्थापन गरिनेछ । उपयुक्त स्थानमा सुविधा सम्पन्न रंगशाला निर्माण गरिनेछ ।
- हरेक वर्ष गाउँपालिका स्तरको खेलकुद प्रतियोगिता गरिनेछ । जसको कारण विभिन्न खेल प्रतिभा भएका खेलाडीहरुको उत्पादन हुने र मानिसहरुलाई स्वास्थ्य रहन मदत पुग्नेछ ।
- विभिन्न विद्यालयहरुमा अतिरिक्त क्रियाकलापमा जोड दिई खेलकुदको विकास गर्न पहल गरिनेछ ।
- हरेक वडाहरुमा कम्तिमा एउटा सुविधासम्पन्न खेलमैदान बनाउने नीति अनुरुप यसै वर्ष देखि बजेट विनियोजन गर्न सुरु गरिनेछ ।
- निजामती दिवसको अवसरमा मैत्रीपूर्ण ब्याटमिन्टन प्रतियोगिता सञ्चालन गरिनेछ ।
- बालबालिकालाई खेल सामाग्रीहरु वितरण गरिनेछ ।

## जलविद्युतः

- गाउँपालिकाको सबै गाउँ टोलहरुमा भरपर्दो विद्युत लाईन प्रशारण गरिनेछ ।
- गाउँपालिकाबाटै फलामे विद्युत पोलले काठे पोललाई विस्थापित गरिनेछ ।
- गाउँपालिकामा विद्युत अभाव अन्त्य गर्न भुवाखोला लघुजलविद्युत, बुदुम खोला लघुजलविद्युत र फूलवाती खोला लघुजलविद्युत प्रशारण लाईनहरुलाई एकीकृत विद्युत प्रणालीद्धारा वितरण गर्ने व्यवस्था गरिनेछ ।
- भुवाखोला लघु जलविद्युत आयोजनाको Canal समस्या समाधान गर्न विद्युत उपभोक्ता समितिका पदाधिकारीहरु समन्वय गरी वैकल्पिक तथा दिगो व्यवस्थापनको लागि आवश्यक कदम चालिनेछ ।

- गाउँपालिकाको मुख्य चोकहरुमा बत्तिको व्यवस्था गरिनेछ ।
- गाउँपालिकामा विद्युत उत्पादन सम्भाव्यता अध्ययन गरी बैदेशिक लगानी आकर्षित गर्न आवश्यक रणनीति अवलम्बन गरिनेछ ।

# पूर्वाधार विकास

- पूर्वाधार तर्फ सडक, विद्युत, खानेपानी, कार्यालय र वडा कार्यालयको संस्थागत संरचना, सिंचाइ, ढल व्यवस्थापन लाई प्राथमिकतामा खाखिनेछ ।
- सडक तर्फ गाउँपालिका देखी सदरमुकाम जोड्ने सडक, वडा कार्यालयहरु जोड्ने सडक र पर्यटकीय महत्वका सडकलाई रणनीतिक महत्वका सडकका रुपमा अघि बढाइनेछ ।
- विद्युत नपुगेका वडाहरुलाई प्राथमिकतामा राखेर विद्युत विस्तार कार्यक्रम संचालन गरिनेछ साथै यसको लागि सम्बन्धित निकायसँग लगानीको लागि पहल गरिनेछ ।
- गाउँपालिका र वडा कार्यालयहरुको निर्माणको लागि निशुल्क रुपमा जग्गा प्राप्तीको पहल गरिनेछ ,सकभर हस्तान्तरण भई आउने विषयगत कार्यालयहरुलाई समेत मध्यनजर गरि कार्यालय र अफिस क्षेत्र छुट्टै हुने गरि पूर्वाधार निर्माणलाई प्राथमिकताका साथ अघि बढाईनेछ ।
- बजारीकरण शहरीकरण गर्नको लागि बुङचोक, छेस्काम चोक, गुदेल चोक ,पञ्चमी बजार जस्ता ठाउँमा आधुनिक प्रविधि, सेवा सुविधायुक्त शहर वा Smart Village को रुपमा विकास गरिनेछ । भवन आचार संहिता तत्काल कार्यान्वयन गरि आफुखुसि घर बनाउन प्रतिबन्ध लगाइने छ । राज्यको तर्फबाट आवास निर्माण,गर्दा एक महल सयौं परिवार को नीति अवलम्बन गरिनेछ । र बाँकी भुखण्डलाई कृषि प्रयोजनमा प्रयोग गरिनेछ ।
- माहाकुलुङ गाउँपालिका जलस्रोतमा धनि रहेकोले माइक्रो हाइड्रो, हाईड्रो पावर निकाल्न सकिने भएकोले अध्ययन अनुसन्धान गर्नको लागि कार्यक्रम अगाडी बढाईनेछ । बिना इजाजत वा इजाजत लिएर संचालन गर्न लागेका कुनै योजना गाउँपालिकाको समन्वय बिना संचालन गर्न वा दर्ता गर्न रोक लगाइनेछ ।
- गाउँपालिका क्षेत्रका आवश्यक स्थानमा झोलुङ्गे पुल र ट्रस ब्रिज निर्माणका लागि केन्द्रमा पठाउनको लागि नीतिगत निर्णय गरिनेछ ।
- गाउँपालिका भित्रका बहुवर्षिय गौरवका आयोजना/योजनाहरु क्रमागत रुपमा लगिनेछ ।

# सेवा प्रवाह र संस्थागनत विकासः

- परिवर्तित नयाँ संरचना अनुसार जनतालाई परिवर्तनको अनुभूति हुने गरि सेवा प्रवाहमा सहजता, सरलता र नविनतम विधि र पद्धतिहरुको अबलम्बन गरिनेछ ।

- नागरिक वडापत्र, सूचना अधिकारी, टोकन प्राणाली, गुनासो सुनुवाई संयन्त्र, सार्वजनिक सुनुवाई, सामाजिक लेखा परिक्षण, घुम्ति सेवा, विद्युतिय शासन प्रणाली जस्ता सुशासनका सूचकहरुको क्रमश अबलम्बन गरि सेवा प्रवाहमा प्रभावकारिता ल्याइनेछ ।
- भ्रष्टाचार, अपारदर्शि र भ्रष्टाचार जन्य प्रवृतिलाई रोक्न विशेष सर्तकता अपनाईनेछ ।
- तोकिएका योजना आयोजनाहरु गुणस्तरिय रुपमा समयमै सम्पन्न गर्न अनुगमन मूल्यांकन कार्यलाई प्राथमिकता दिईनेछ ।
- आयोजनाहरु समयमा सुरु नगर्ने, उपभोक्ता समितिमा अनावश्यक विवादमा अल्झिने र विकास नै प्रभावित हुने प्रवृति देखिएमा त्यस्ता क्षेत्रका योजनाहरु झिकेर अन्य क्षेत्रमा दिईनेछ ।
- जिम्मेवारी पूर्वक उत्कृष्ट कार्यसम्पादन गर्ने, अनुशासन, ईमानदारिता र उच्च नैतिक चरित्र भएका कर्मचारीहरुलाई पुरस्कृत गरि प्रोत्साहन गरिनेछ भने खराब आचरण र जिम्मेवारी वहन नगर्ने कर्मचारीलाई प्रचलित ऐन कानुन बमोजिम दण्ड सजायको व्यवस्था गरिनेछ ।
- उत्कृष्ट कार्यसम्पादन गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गरि उत्प्रेरित गरिनेछ भने सन्तोषजनक कार्यसम्पादन नगर्ने उपभोक्ता समितिलाई दण्डित गर्ने साथै आगामी वर्षमा उपभोक्ता समितिको रुपमा काम गर्न बाट वञ्चित गरिनेछ ।
- जनताको घरदैलोमा जनप्रतिनिधी भन्ने अभियान मार्फत जनताका समस्याहरु सँग निरन्तर परिचित भई समाधानको प्रयास गरिनेछ ।
- जनतानै जनार्दन भन्ने आर्दशका साथ सेवा प्रवाहमा जनताका आवश्यकता र चाहनालाई विशेष जोड दिईनेछ ।
- सूचना पाटि, वेव साईट, सार्वजनिक सुनुवाईको माध्यमबाट जनतामा सूचनाको हक स्थापित गर्न पारदर्शि कार्यप्रणालीलाई बढवा दिईनेछ ।

आफनो बजेट र नीति योजना आफै तर्जुमा गरि विकासको गति र दिशा तय गर्ने हाम्रो यो ऐतिहासिक अवसर र चुनौति पनि हो । यो नीति तथा बजेट निर्माण कार्यमा सुरु देखि नै आफनो बुद्धि विवेक र परिश्रमले सहयोग गर्नुहने कर्मचारी साथिहरु, गाउँकार्यपालिकाका सम्पूर्ण सदस्यहरु, सरोकारवाला वर्ग र बुद्धिजिविहरुप्रति विशेष आभार प्रकट गर्न चाहन्छ ।

**नेपाल र नेपालीको सम्बृद्धि मिलोस ।**
**धन्यवाद ।**